२८/१४

सर्वोच्च अदालत, संयुक्त इजलाश
माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई
माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा

आदेश

०७९-WO-०१८९

मुद्दाः-उत्प्रेषणसमेत।

जिल्ला बारा, गा.बि.स. भववानपुर, वडा नं.८ को परिवर्तित जिल्ला बारा, सिम्रौनगढ नगरपालिका, वडा नं.११ घर भई हाल सिम्रौनगढ नगरपालिका, सिम्रौनगढ, बारामा सि.अ.हे.व. अधिकृत पद छैठौं तहमा समायोजन भई स्वास्थ्य शाखा संयोजकको रुपमा कार्यरत राजेन्द्र प्रसाद साह --------------१ निवेदक

विरुद्ध

स्वास्थ्य तथा जनसंख्या, मन्त्रालय, रामसाहपथ, काठमाडौं ------------------१
सिम्रौनगढ नगरपालिका, सिम्रौनगढ, बारा --------------------------------१ विपक्षी
सिम्रौनगढ नगरपालिका, सिमरौनगढ, बारा अन्तर्गत स्वास्थ्य चौकी, भवानीपुर बारामा जनस्वास्थ्य निरिक्षक पाँचौं तहको दरबन्दीमा समोजन भई पाँचौं तहको कामकाज गर्ने गरी ऐ. को छैठौं तहमा स्तर वृद्धी भएका विजय कुमार ठाकुर --१

नेपालको संविधानको धारा १३३(२),(३) बमोजिम यस अदालतको असाधारण क्षेत्राधिकारभित्र दायर भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य खण्ड एवम् आदेश खण्ड यस प्रकार रहेको छः-

तथ्य खण्ड

१. म निवेदक लोकसेवा आयोगको मिति २०५६।०९।०६ को सिफारिसपत्र तथा मिति २०५६।०९।१९ को निर्णय अनुसार नेपाल स्वास्थ्य सेवा, श्रेणी सहायक चतुर्थ अ.हे.व.

पदमा स्थायी सेवा प्रवेश गरी यद्यपी सेवारत छु। यसै क्रममा म निवेदक समान सेवा समुहको पाँचौं तहमा मिति २०६४।०३।११ मा स्तरवृद्धी भई पाँचौं तहको सिनियर अ.हे.व.पद नाम पाई स्वास्थ्य सेवा विभागको २०७२।०६।१७ गतेको पत्रानुसार मिति २०७२।०४।०१ देखि श्रेष्ठता कायम हुने गरी मिति २०७२।०६।१५ को निर्णयानुसार सेवा स्वास्थ्य समुह हे.ई. पाँचौं पदबाट हे.ई. समुहको अधिकृत छैठौं तह पद सि.अ.हे.व. अधिकृत पदमा स्तरवृद्धी भएको हो। नेपाल सरकार (मा. मन्त्री स्तर) को मिति २०७१।११।१३ को निर्णयानुसार नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ख समेत बमोजिम सि.अ.हे.व. पद इन्स्पेक्सन समूह पाँचौ तहमा विशेष पदस्थापन भई सकेको छु। जिल्ला जनस्वास्थ्य कार्यालय, कलैया, बाराको २०७४।०५।२१, च.नं.२८० को पत्र बमोजिम मलाई सिम्रौनगढ नगरपालिका, बारामा कामकाजमा खटाएको थियो। कर्मचारी समायोजन ऐन लागू भए पश्चात कर्मचारी समायोजन ऐन, २०७५ को दफा ४, ५ समेत बमोजिम समायोजनको लागि दरखास्त माग भए बमोजिम विधिवत दरखास्त दर्तासमेत गराई ऐ. को दफा ८ बमोजिम विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं.१६/०६/स्वास्थ्य/१२२२२(२०६४) को मिति २०७६।०४।२३ गतेको पत्र बमोजिम सिम्रौनगढ नगरपालिका, बारामा समायोजन समेत भई नगरपालिकाको मिति २०७६।०६।१७ गतेको च.नं.२३९ को पत्र तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५।०९।२३, च.नं.२३५ को संगठन संरचना र दरबन्दी तेरिजसमेत बमोजिम तोकेको दरबन्दी अनुरुप नै म निवेदक स्वास्थ्य शाखा संयोजकको जिम्मेवारी निर्वाह गर्दै आएको थिएं। कहिं कतैबाट कुनै विवाद थिएन। यसै क्रममा मिति २०७०।०५।०८७ मा स्वास्थ्य सेवा हे.ई. समुहको हे.अ. पदमा सेवा प्रवेश गरी २०७५।०९।२५ गतेको निर्णय बमोजिम नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ को उपदफा (१) अनुसार सोही ऐनको दफा ९(४) बमोजिम जुन तहबाट स्तरवृद्धि भएको हो सोही तहको काम गर्न पाँचौं तहबाट छैठौं तहमा स्तरवृद्धि भएका विपक्षी मध्येका विजय कुमार ठाकुरलाई नगर प्रमुखको मौखिक आदेश बमोजिम मिति २०७९।०४।११ को निर्णय बमोजिम म निवेदकलाई आफुले स्वास्थ्य संयोजक भई गर्दै आएको जिम्मेवारीबाट हटाई निवेदक भन्दा सेवा प्रवेशको हिसाबले १३ वर्ष ७ महिना १८ दिन र स्तरवृद्धिको हिसाबले ३ वर्ष ५ महिना २४ दिन जुनियर (कनिष्ट) कर्मचारीलाई मैले निर्वाह गर्दै आएको स्वास्थ्य शाखा

संयोजकको जिम्मेवारी दिई म निवेदक झण्डै १४ वर्ष कनिष्ठ रहेको कर्मचारीको मातहतमा कार्य गर्नुपर्ने अवस्था भई प्रचलित कानूनले प्रदान गरेको कानूनी तथा संवैधानिक अधिकारमा आघात पर्न गई निवेदकको मानमर्दन हुने गरी विपक्षी सिम्रौनगढ नगरपालिका, बाराको मिति २०७९।०४।११ को निर्णय तथा म रिट निवेदकलाई असर पर्ने गरी गरेको सम्पूर्ण कामकारवाहीहरु नेपालको संविधान, २०७२ को धारा ४६,१३३(२)(३) समेत बमोजिम प्रारम्भ देखिं नै उत्प्रेषणको आदेशले बदर गरी विपक्षी नगरपालिकाको मिति २०७९।०४।११ को निर्णय र सो आधारमा गरेको कामकारवाही कार्यान्वयन नगर्नु, निवेदकलाई नै स्वास्थ्य शाखा संयोजनको कामकाजमा लगाउनु, हाजिर गर्न नरोक्नु भनी विपक्षीहरुको नाममा परमादेश लगायत अन्य चाहिने उपयुक्त आज्ञा आदेश वा पूर्जिसमेत जारी गरी पाउँ भन्नेसमेत मिति २०७९।०५।१४ को निवेदन।

२. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण भए सबुद प्रमाणसहित म्याद सूचना पाएका मितिले बाटाका म्यादबाहेक १५(पन्ध्र) दिनभित्र विपक्षी नं.१ को हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत् र अन्य विपक्षीहरुका हकमा आफै वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत् लिखितजवाफ पेश गर्नु भनी आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरुका नाममा म्याद सूचना जारी गरी लिखितजवाफ परे वा अवधि नाघेपछि नियमानुसार गरी पेश गर्नू । साथै, निवेदकले अन्तरिम आदेश माग गरेको सम्बन्धमा बिचार गर्दा, दुवै पक्षलाई छलफलमा राखी निर्णयमा पुग्नु उपयुक्त हुने देखिएकाले सोको प्रयोजनार्थ मिति २०७९।५।२७ गतेलाई छलफलको पेशी तोकी विपक्षीहरुलाई सूचना दिनू। निवेदकभन्दा कनिष्ठ (Junior) कर्मचारीलाई निवेदकले सम्हाली आएको जिम्मेवारी दिई निवेदकलाई अन्यत्र खटाएको भन्ने उल्लेख भएको देखिएकोले उक्त छलफलको मितिसम्म सिम्रौनगढ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सिम्रौनगढ, बाराको मिति २०७९।४।११ को टिप्पणी र आदेश कार्यान्वयन नगरी यथास्थितिमा राख्नू भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ (२)(ख) बमोजिम अल्पकालीन अन्तरिम आदेश जारी गरिदिएको छ। आदेशको जानकारी विपक्षीहरुलाई दिनू भन्नेसमेत व्यहोराको यस अदालतको मिति २०७९।०५।१७ को आदेश।

३. विपक्षी सि.अ.हे.ब. पदमा कार्यरत रहनु भएको र सि.अ.हे.ब. को आधार पद सहायक

चौथो अ.हे.ब. भएको, विपक्षी अ.हे.ब. चौथोस्तर प्राविधिक (रा.प. अनं द्धितिय सरह)
पदमा सेवामा प्रवेश गरी सहायक पाँचौ सि.अ.हे.ब. मा स्तरबृद्धि भई आएको र अधिकृत
छैठौं सि.अ.हे.ब. पदमा मा स्तरबृद्धि भई हाल सिम्रौनगढ नगरपालीकामा पदस्थापन भई
कामकाज गर्दै आएका हुन। तर विपक्षीले निवेदनको दफा २ मा उल्लेख गर्नु भए
बमोजिम "नगरपालिकाको मिती २०७६।६।१७ को च.नं. २३९, समान्य प्रशासन
मन्त्रालयको च.नं. २३५ मिती २०७५।९।२३ को सँगठन सँरचना र दरबन्दी तेरीज
बमोजिम तोकेको दरबन्दी बमोजिम स्वास्थ्य शाखा सँयोजकको पदमा काम गरी आएको"
भन्ने उल्लेख गर्नु भएको छ सो बिल्कुलै झुठा र बनावटी हो किनभने विपक्षीले काम
गरी आउनु भएको सि.अ.हे.ब. पद नगरपालीकाको स्वास्थ्य तर्फ दरबन्दी तेरीजमा
दरबन्दी रहेको छैन। विपक्षीले निवेदनमा झुठा व्यहोरा उल्लेख गरी तथ्यको भ्रम गरी
निवेदन दिनु भएको पाईन्छ। विपक्षीको पदको दरबन्दी नै तेरीजमा नभएकोलाई तेरीजमा
भएको भनी झुठा व्यहोरा उल्लेख गरी प्रस्तुत निवेदन दिनु भएको छ। स्वास्थ्य सेवा
नियमावली २०५५ को अनुसुची ३ मा हेल्थ ईन्फेक्सन समुहमा जन स्वास्थ्य निरीक्षक
छैठौं तह जेष्ठता क्रममा क्रम संख्या २३ मा र सि.अ.हे.ब. अधिकृत छैठौं क्रम सँख्या
२४ मा रहेको देखिन्छ। अर्थात विपक्षीको पद सि.नं.२४ र विपक्षी मध्येका विजय
कुमार ठाकुरको पद सि.नं.२३ मा रहेकोले निवेदक सि.अ.हे.ब. छैठौं भन्दा जन स्वास्थ्य
निरीक्षक वरीष्ठता क्रममा माथि रहेको कुरा सो अनुसुची ३ बाट स्पष्ट रुपमा देखिन्छ।
साथै अनुसुची १.१ नगरपालीकाको स्वास्थ्य शाखाको संगठन संरचना (२७६) दरबन्दी
तेरीजमा नगरपालीका जन स्वास्थ्य निरीक्षक अधिकृत छैठौं तहको दरबन्दी रहेको
देखीन्छ तर सि.अ.हे.ब. अधिकृत छैठौं तहको दरबन्दीसमेत रहेको छैन। यसरी यस
नगरपालीकाको स्वास्थ्य सेवामा अधिकृत सातौंको दरबन्दी रहेको र हाल सो पदको
कर्मचारी हाजिर नभएसम्म सो पदमा जन स्वास्थ्य निरीक्षक छैठौंलाई कामकाज गर्न
जिम्मेवारी दिई पठाउने निर्णय भएको हो । विपक्षी भन्दा बरिष्ठता क्रममा माथि रहेको
प्रतिवादी बिजय कुमार ठाकुर हुनु भएकोले निजलाई सोको जिम्मेवारी दिने गरी भएको
निर्णय कानूनसंगत रहेकोले विपक्षीको माँग दावी अनुसार आदेश जारी हुने अवस्थासमेत
नरहेकोले विपक्षीको निवेदन खारेज भागी रहेको छ भन्नेसमेत व्यहोराको मिति
२०७९।०६।०९ गते सिम्रौनगढ नगरपालिका, बाराको तर्फबाट प्रस्तुत लिखित
जवाफ।

४. रिट निवेदक मिति २०५६।०९।१९ को निर्णयले नेपाल स्वास्थ्य सेवा श्रेणी सहायक चतुर्थ अ.हे.व. पदमा स्थायी नियुक्त भई मिति २०६४।०३।११ गते देखि लागु हुने गरी पाँचौं तहमा तथा मिति २०७२।०४।०१ गते देखि जेष्ठता कायम हुने गरी मिति २०७२।०६।१५ को निर्णयानुसार सेवा स्वास्थ्य समूह हे.ई. तह पाँचौबाट हे.ई. समूहको अधिकृत छैठौं तह पद सि.अ.हे.व. अधिकृत पदमा स्तरवृद्धि भएका कर्मचारी हुन्। रिट निवेदकले विजयकुमार ठाकुर भन्दा रिट निवेदक नै जेष्ठ रहेकोले अन्य कर्मचारीलाई उक्त न.पा को स्वास्थ्य शाखाको संयोजकको जिम्मेवारी तोक्न नमिल्ने भन्ने सन्दर्भमा हेर्दा मिति २०७९।०४।११ गतेको पत्रले विपक्षी नगरपालिकाले निवेदकलाई स्वास्थ्य शाखा संयोजकको जिम्मेवारीबाट हटाईएको छ। विपक्षी विजय कुमार ठाकुरसमेत नेपाल स्वास्थ्य सेवाका कर्मचारी रहेकोले निजहरूको समायोजन, पदस्थापना, बढुवा लगायतका विषयमा प्रत्यक्ष रूपमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्बन्धित रहेको हुन्छ, तथापी निजहरू हाल कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन भई सकेको अवस्थामा उक्त स्थानीय तहको स्वास्थ्य शाखाको संयोजकको जिम्मेवारी कुन कर्मचारीलाई दिनुपर्ने हो सो सम्बन्धमा यस मन्त्रालयले कुनै व्यक्तिको नाम तोकेर निर्देशन दिन सक्ने अवस्था नभएको व्यहोरा अनुरोध गर्दछु।

५. यसरी, नेपाल संघीयतामा प्रवेश गरेपश्चात संघ, प्रदेश र स्थानीय तहका आ-आफ्नै अधिकार रहेका छन्। शक्ति पृथकीकरणको सिद्धान्त बमोजिम हेर्ने हो भने पनि यस मन्त्रालयले उक्त स्थानीय तहको स्वास्थ्य शाखाको संयोजकको जिम्मेवारी यो राख्नुपर्ने भनी व्यक्ति नै उल्लेख गर्दा स्थानीय तहको अधिकार माथि नै हस्तक्षेप हुने देखिएकोले मन्त्रालयले सैद्धान्तिक विषय मात्र उल्लेख गरी पत्राचार गर्न सक्ने देखिएको हुँदा सो विषयमा मन्त्रालयले निज रिट निवेदकको कुनै पनि हकहितमा आघात पुऱ्याएको छैन। तसर्थ, यस मन्त्रालयलाई विपक्षी बनाउनु पर्ने कुनै आधार कारण नहुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको मिति २०७९।०६।०७ गते स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तर्फबाट प्रस्तुत लिखितजवाफ।

६. सिम्रौनगढ नगरपालिकाको स्वास्थ्य शाखामा गत आ.ब.२०७६/०७७ देखि नै जन स्वास्थ्य अधिकृत सातौं तहको दरवन्दी रिक्त रहेकोमा नेपाल सरकारले प्रकाशन गरेको नगरपालिकाको दरवन्दी तेरिजमा नगरपालिकाको कार्यालयमा सि.अ.हे.व. छैठौं तहको दरवन्दी नरहेको सोही दरवन्दी तेरिजमा जनस्वास्थ्य निरिक्षक छैठौं तहको दरवन्दी

उल्लेख रहेको छ। नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ३ मा ज्येष्ठता सम्बन्धी भएको वाध्यात्मक कानूनी प्रावधान अनुसार हेल्थ इन्सपेक्सन समूहमा जनस्वास्थ्य निरिक्षक छैठौं तह ज्येष्ठता क्रममा माथि क्रम संख्या २३ मा र सि.अ.हे.व.अधिकृत छैठौं तह सो भन्दा तल मुनि क्रम संख्या २४ मा उल्लेख रहेको अर्थात ज्येष्ठता क्रममा जन स्वास्थ्य निरिक्षक अधिकृत छैठौं तह भन्दा सि.अ.हे.व. अधिकृत छैठौं तह दर्जामा सानो (Junior) र जनस्वास्थ्य निरिक्षक अधिकृत छैठौं तह ज्येष्ठतामा बरिष्ठ (Senior) मा रहेको र श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, टेकू, काठमाण्डौको प.सं.०७५/०७६, च.नं.८०८९ मिति २०७५।०९।२५ गतेको स्तरवृद्धि र पदनाम सम्बन्धको पत्रद्वारा जनस्वास्थ्य निरिक्षक छैठौं तह पदमा ज्येष्ठता कायम हुने गरी स्तरवृद्धि भई आएको म विजय शंकर ठाकुरलाई नगरपालिकाको कार्यालयमा मिति २०७६।६।१७ मा पदस्थापना भई हाल नगरपालिकाको स्वास्थ्य शाखाको सातौं तहको स्वास्थ्य संयोजकको पद रिक्त रहेको अवस्थामा नगरपालिकाको कार्यालयमा सातौं तहको कर्मचारी हाजिर नहुन्जेल सम्मका लागि स्वास्थ्य संयोजकको रुपमा कामकाज गर्ने गरी स्वास्थ्य संयोजकको जिम्मेवारी दिने गरी नगरपालिकाको मिति २०७९।४।१२ प.स. २०७९/०८० च.नं. ३५ को पत्र बमोजिम नगरपालिकाको स्वास्थ्य शाखामा नगरपालिकाको दरवन्दी तेरिज बमोजिम सातौं तह अधिकृत पद रिक्त रहेको अवस्थामा स्वास्थ्य शाखाको संयोजक भई काम काज गर्ने म विजय शंकर ठाकुरलाई जिम्मेवारी तोकिएको हुँदा सोही अनुसार कामकाज गर्दै आएकोमा सो यस न.पा.को मिति २०७९।४।११ गतेको टिप्पणी आदेश उपर यी विपक्षीको कुनै उजूर वाजूर नपरेको साथै नेपाल सरकारले प्रकाशन गरेको न.पा.को दरवन्दी तेरिजमा न.पा.को कार्यालयमा सि.अ.हे.व. छैठौं तह दरवन्दी नरहेको हुँदा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ३ मा उल्लेख भए अनुसार यी विपक्षी निवेदनको पद सि.अ.हे.व. अधिकृत छैठौं तह भन्दा जेष्ठताको क्रममा जनस्वास्थ्य निरिक्षक अधिकृत छैठौं तह वरिष्ठ रहने हुन्छ।

७. अनुसूची २.१ स्वास्थ्य चौकी तराई र उपत्यका जिल्ला (१४१९ संस्था) को दरवन्दी तरिजलाई हेर्दा सहायक ५ तह (स्वा. हे.ई.स्वा. सेवाको ५ तहका सि.अ.हे.व. मध्ये जेष्ठता क्रममा पांचौ तहमा लोक सेवा आयोगको प्रक्रिया पुरा गरी सेवा प्रवेश गरेकोलाई स्वास्थ्य चौकीको इन्चार्जमा हुने कानूनी प्रावधान रहेको छ। यी निवेदक चौथो तहमा र

म विजय शंकर ठाकुर पांचौ तहमा लोक सेवा आयोगको प्रक्रिया पुरा गरी सेवामा प्रवेश गरेको समेतबाट यि निवेदक भन्दा म विजय शंकर ठाकुर ज्येष्ठता क्रममा वरिष्ठ रहेको तथ्य देखिएकै छ साथै अनुसूची १.१ नगरपालिका स्वास्थ्य शाखाको संगठन संरचना (२७६) मा तथा अनुसूची २.१ नगरपालिका शाखाको दरवन्दी तेरिज (२७६) मा स्वास्थ्य निरिक्षक अधिकृत छैठौं तहको दरवन्दी रहेको र सि.अ.हे.व. अधिकृत छैठौं तहको दरवन्दी नरहेको तथापि उक्त अनुसूची २.१ मा भएको रोलक्रमानुसार छैठौं तहका जनस्वास्थ्य निरिक्षक, हे.अ.अधिकृत त्यसपछि सि.अ.हे.व.को पद उल्लेख भएको समेतबाट यी निवेदक छैठौं तह सि.अ.हे.व. भन्दा म विजय शंकर ठाकुर कार्यरत रहेको पद जनस्वास्थ्य निरिक्षक अधिकृत छैठौं तह ज्येष्ठता क्रममा वरिष्ठ रहेको तथ्य कानूनतः स्थापित भई रहेकै हुंदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउन सादर अनुरोध छ भन्नेसमेत व्यहोराको मिति २०७९।०६।०९ गते विजय शेखर ठाकुरको लिखित जवाफ।

## ठहर खण्ड

८. यसमा नियम बमोजिम दैनिक मुद्दा पेशी सूचीमा चढी अन्तरिम आदेशको छलफलका लागि पेश हुन आएको प्रस्तुत निवेदनमा विपक्षीहरूको लिखित जवाफसमेत परिसकेकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ को उपनियम ४ अनुसार अंग पुगी पूर्ण सुनुवाई गरी निर्णय दिनु पर्ने अबस्था देखियो।

९. निवेदकका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री दिप नारायण शाहले निवेदक सेवा स्वास्थ्य समुह हे.ई. तह पाँचौंबाट हे.ई. समूहको अधिकृत छैठौं तह पद सि.अ.हे.व. अधिकृत पदमा स्तर वृद्धि भएका कर्मचारी हुन्। विपक्षी सिम्रौनगढ नगरपलिकाको स्वास्थ्य शाखाको हे.ई. समूह छैठौं तहको दरवन्दी एक रहेकोमा उक्त दरवन्दीमा निवेदक कार्यरत रहेको अवस्थामा सरोकारवाला मन्त्रालयले विभिन्न समयमा गरेको परिपत्र तथा ऐन नियममा उल्लेखित प्रावधान विपरीत मेयरको निर्देशनमा टिप्पणी उठाई मिति २०७९।०४।११ मा निर्णय गरी निवेदक भन्दा कनिष्ट कर्मचारीलाई सो नगरपलिकाको स्वास्थ्य शाखाको संयोजकको तोकेको हुँदा र सो निर्णय कर्मचारीलाई दिइएको विभागीय सजाय, कर्मचारी बढुवा वा सरुवाको विषय नभई कामकाजमा खटाउने विषय भएकोले अन्य वैकल्पिक उपचारको बाटो नहुँदा रिट क्षेत्रबाट प्रवेश गरेको हो। ऐन नियममा उल्लेखित प्रावधान विपरीत निवेदक भन्दा कनिष्ट कर्मचारीलाई सो

जिम्मेवारी दिइएको हुँदा नगरपालिकाको मिति २०७९।०४।११ को निर्णय बदर गरी स्वास्थ्य शाखाको संयोजकमा निवेदकलाई नै जिम्मेवारीमा रहने गरी उपयुक्त आज्ञा वा आदेश जारी गरी पाउँ भन्नेसमेत बहस गर्नुभयो। विपक्षी स्वास्थ्य मन्त्रालयको तर्फबाट उपस्थित विद्वान नायव महान्यायाधिवक्ता श्री टेक बहादुर घिमिरेले प्रस्तुत विषय निवेदकलाई काम काज गर्न खटाएको विषय हो। यस्तोमा चित्त नबुझे प्रशासकीय अदालतमा पुनरावेदन गर्न सकिने हुन्छ। विवादको विषयमा पसेर हेर्दा पनि स्तर वृद्धि हुनु बढुवा होइन, स्तर वृद्धिको आधार पद के हो हेर्नु पर्ने हुन्छ। जनस्वास्थ्य निरिक्षक छैठौं तह अधिकृतको आधार पद हे.अ. हो, मूलभूत योग्यता ३ वर्षको पाठ्यक्रम उत्तिर्ण भएको हुनुपर्छ, निवेदक छैठौं तह सि.अ.हे.व. भन्दा विपक्षी विजय ठाकुर कार्यरत रहेको पद जनस्वास्थ्य निरीक्षक अधिकृत छैठौं तह जेष्ठता क्रममा वरिष्ठ हुन्छ। तथापी यी दुवै कर्मचारीहरु कर्मचारी समायोजन ऐन, २०७५ को दफा ३ दफा ८ समेतका आधारमा स्थानीय तहमा समायोजन भईसकेको अवस्थामा मन्त्रालयले कुनै व्यक्तिको नाम तोकेर निर्देशन दिन सक्ने अवस्था नभएको हुँदा स्वास्थ्य मन्त्रालयलाई विपक्षी बनाउनु पर्ने कुनै आधार कारण नहुँदा रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत बहस गर्नुभयो। त्यसैगरी विपक्षी सिम्रौनगढ नगरपालिका र विजय कुमार ठाकुरका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री प्रसन्नकृष्ण दासले नगरपालिका अन्तर्गत रहेको स्वास्थ्य सेवामा निवेदक भन्दा सिनियर पद भएको कर्मचारी विजय कुमार ठाकुर हुन। निज विजय कुमार ठाकुर नेपाल स्वास्थ्य सेवा हे.ई. समुहको जनस्वास्थ्य निरिक्षक पदमा सेवा प्रवेश गरी पाँचौं तहबाट छैठौं तहमा स्तर वृद्धि भएको हो। नगरपालिकाको स्वास्थ्य शाखामा रिक्त रहेको अधिकृत सातौं तहको पदमा कर्मचारी हाजिर नभए सम्म निजलाई जिम्मेवारी दिने गरी नगरपालिकाबाट निर्णय भएको तथा निवेदक छैठौं तह सि.अ.हे.व. भन्दा विजय शंकर ठाकुर कार्यरत रहेको पद जनस्वास्थ्य निरीक्षक अधिकृत छैठौं तह जेष्ठता क्रममा वरिष्ठ रहेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत बहस गर्नुभयो।

१०. उपरोक्त बमोजिमको तथ्य र विद्वान कानून व्यवसायीहरुले गर्नु भएको बहस सुनी रिट निवेदन, लिखित जवाफ र सो साथ पेश हुन आएका प्रमाणहरू समेतको विश्लेषणवाट प्रस्तुत निवेदनमा मुख्यरूपमा देहायका प्रश्नहरूको निरूपण हुनु पर्ने देखिन्छ ।

क) निवेदकलाई कामकाज गर्न काजमा खटाएको विषय के कस्तो प्रकृतिको विषय हो र कार्यरत संस्थाको यस्तो कार्यको विरुद्धमा उपचारका लागि अन्य वैकल्पिक

उपचारको मार्ग उपलव्ध छ वा छैन।

ख) निवेदकलाई कामकाजमा खटाउने निर्णय बदर हुनु पर्ने हो वा होईन र निवेदकको माग बमोजिमको आदेश जारी हुनु पर्ने हो वा होईन।

११. निर्णयतर्फ विचार गर्दा निवेदकले आफू सिम्रौनगढ नगरपलिकाको स्वास्थ्य शाखाको संयोजक भई कामकाज गरी आएकोमा नगर प्रमुखको मौखिक आदेशमा मिति २०७९।०४।११ को निर्णय बमोजिम आफुलाई सो जिम्मेवारीबाट हटाई आफु भन्दा सेवा प्रवेशको हिसाबले १३ वर्ष र स्तर वृद्धिको हिसाबले ३ वर्ष भन्दा बढी आफु भन्दा कनिष्ट कर्मचारी विजय कुमार ठाकुरलाई उक्त स्वास्थ्य शाखा संयोजनको जिम्मेवारी दिई निवेदकलाई आधारभुत स्वास्थ्यचौकी, कचोर्वामा कामकाज गर्न काजमा खटाएको हुँदा उक्त निर्णयसमेत उत्प्रेषणको आदेशले बदर गरी निवेदकलाई नै स्वास्थ्य शाखा संयोजकको जिम्मेवारीमा कामकाज लगाउनु, उक्त स्वास्थ्य शाखा संयोजकको रुपमा कामकाज गर्न कुनै प्रकारको प्रतिकुल असर पर्ने कार्य नगर्नु नगराउनु भनी विपक्षीहरुका नाममा परमादेश लगायत उपयुक्त आज्ञा आदेश पूर्जिसमेत जारी गरी पाउँ भन्ने निवेदकको मुख्य निवेदन जिकिर देखिन्छ। रिट निवेदकलाई मिति २०७९।०४।११ गतेको निर्णय बमोजिम विपक्षी सिम्रौनगढ नगरपालिकाले स्वास्थ्य शाखा संयोजकको जिम्मेवारीबाट हटाई विपक्षी मध्येका विजय कुमार ठाकुरलाई सो जिम्मेवारी दिएको देखिएकोमा निजहरु हाल कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन भईसकेको अवस्थामा उक्त स्थानीय तहको स्वास्थ्य शाखाको संयोजकको जिम्मेवारी कुन कर्मचारीलाई दिनुपर्ने हो सो सम्बन्धमा यस मन्त्रालयले कुनै व्यक्तिको नाम तोकेर निर्देशन दिन सक्ने अवस्था नभएको हुँदा यस मन्त्रालय समेतलाई विपक्षी बनाई दायर भएको रिट खारेज गरी पाउँ भन्नेसमेत विपक्षी मध्येका स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको लिखित जवाफ, त्यसैगरी विपक्षीले काम गरी आउनु भएको सि.अ.हे.व. पद नगरपालिकाको स्वास्थ्यतर्फ दरबन्दी तेरिजमा दरबन्दी रहेको छैन। दरबन्दी तेरिजमा नगरपालिका जनस्वास्थ्य निरीक्षक अधिकृत छैठौं तहको दरबन्दी रहेको छ। यस नगरपलिका अन्तर्गत स्वास्थ्य शाखामा रिक्त रहेको अधिकृत सातौं तहको पदमा कर्मचारी हाजिर नभएसम्म खाली रहेकोले सो पदमा काम गर्दै आउनु भएका निवेदक कनिष्ट कर्मचारी रहनु भएको र निवेदक भन्दा वरिष्ठता क्रममा रहनु भएका विजय कुमार ठाकुरलाई सो पदमा कामकाज गर्न जिम्मेवारी दिने गरी नगरपालिकाबाट निर्णय भएकोमा

सो निर्णयबाट निवेदकको कुनै हकमा आघात पर्ने अवस्था नरहेको हुँदा निवेदन खारेज गरी पाउँ भन्ने विपक्षी मध्येको सिम्रौनगढ नगरपालिकाको लिखित जवाफ र निवेदक चौंथो तहमा र म विजय शंकर ठाकुर पाँचौं तहमा लोकसेवा आयोगको प्रकिया पूरा गरी सेवामा प्रवेश गरेकोले निवेदक भन्दा म जेष्ठता क्रममा वरिष्ठ रहेको हुँ, यसैगरी न.पा.को दरबन्दी तेरिजमा न.पा.को कार्यालयमा सि.अ.हे.व. छैठौं तह दरबन्दी नरहेको हुँदा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची-३ मा उल्लेख भए अनुसार यी निवेदकको पद सि.अ.हे.व. अधिकृत छैठौं तह भन्दा जेष्ठताको क्रममा जनस्वास्थ्य निरीक्षक अधिकृत छैठौं तह वरिष्ठ रहेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने विपक्षी विजय शंकर ठाकुरको लिखितजवाफ रहेको पाइयो।

१२. उपर्युक्त सम्बन्धमा **अब निवेदकलाई कामकाज गर्न काजमा खटाएको विषय के कस्तो प्रकृतिको विषय हो र कार्यरत संस्थाको यस्तो कार्यको विरुद्धमा उपरको उपचारका लागि अन्य वैकल्पिक मार्ग उपलव्ध छ वा छैन** भन्ने पहिलो प्रश्न सम्बन्धमा हेर्दा, रिट निवेदक सिम्रौनगढ नगरपालिकाको स्वास्थ्य संयोजक पदमा कार्यरत रहेकोमा आफु भन्दा कनिष्ट कर्मचारीलाई सो स्वास्थ्य संयोजकको जिम्मेवारी दिई निवेदकलाई स्वास्थ्य चौकी कचोर्वामा कामकाज गर्न काजमा खटाएको विषयलाई निवेदकले चुनौती दिएको सन्दर्भमा अब कामकाज गर्न काजमा खटाउने विषय के कस्तो प्रकृतिको कार्य हो भन्ने विषयमा नै विचार गर्नुपर्ने हुन आयो। यद्दपि निवेदकले आफ्नो दरवन्दी कहाँ राखियो, तलव भत्ता कहाँवाट खाने व्यवस्था गरियो भन्ने वारेमा स्पष्टरुपमा लेखेको छैन र निवेदन साथ संलग्न २०७९।४।११ को निर्णयमा पनि कुनै कुरा उल्लेख भएको देखिंदैन तर काम काजमा खटाउने भन्ने शव्दावलीले यो कार्य अस्थायी प्रकृतिको र सरुवा भन्दा नरम प्रकृतिको कार्य हो भन्ने वुझिन्छ। यस्तो विषयमा निवेदकलाई वैकल्पिक उपचारको मार्ग उपलव्ध छ वा छैन भन्नेतर्फ हेर्दा सामान्यतया रिट क्षेत्राधिकारको प्रयोग अन्य वैकल्पिक उपचारको बाटो नभएको अवस्थामा मात्र प्रयोग गर्ने गरिन्छ। वैकल्पिक उपचारको बाटो छ वा छैन भन्ने विषयको निरुपण निम्ति प्रशासकीय अदालत ऐन, २०७६ को व्यस्थाहरु हेर्दा सो ऐनको दफा २ र दफा ७ का व्यवस्थाहरु सान्दर्भिक हुने देखिन्छ। उक्त ऐनको दफा २(ग) ले प्रशासकीय अदालतको क्षेत्राधिकार भित्रपर्ने कर्मचारीहरुको परिभाषा गरेको छ। जस अनुसार **"कर्मचारी" भन्नाले नेपाल सरकारको निजामती सेवा, नेपाल स्वास्थ्य सेवा, नेपाल संघीय संसद सेवा वा सार्वजनिक संस्थाको सेवामा कार्यरत कर्मचारी सम्झनु**

पर्छ भन्ने उल्लेख गर्दै गर्दै "कर्मचारी" शव्दले (१) सामुदायिक विध्यालयमा कार्यरत शिक्षक, (२) प्रदेश कानून बमोजिम गठन हुने प्रदेश निजामती सेवा, अन्य सरकारी सेवा वा प्रदेश सरकारको पचास प्रतिशतभन्दा बढी स्वामित्व हुने संस्थाको सेवामा रहेको कर्मचारी, (३) स्थानीय तहका कर्मचारी समेतलाई जनाउँछ भन्ने उल्लेख भएको छ। यी निवेदक नेपाल स्वास्थ्य सेवाको कर्मचारी भई समायोजन ऐन लागु भए पश्चात स्थानीय तहको सेवामा कार्यरत व्यक्ति देखिंदा प्रशासकीयं अदालत ऐन, २०७६ को दफा २(ग) समेटने कर्मचारी रहेछ भन्ने स्पष्ट हुन्छ।

१३. अब निवेदकलाई जुन कामकाज गर्न काजमा मा खटाइएको छ सो प्रशासकीय अदालतको क्षेत्राधिकार भित्र पर्छ वा पर्दैन भन्ने सन्दर्भमा हेर्दा प्रशासकीय अदालत ऐन, २०७६ को दफा ७ को व्यवस्थाहरु हेर्नुपर्ने हुन्छ। दफा ७ को उपदफा (१) मा "प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतलाई देहायका मुद्दा वा विषयमा भएको निर्णय वा अन्तिम आदेशउपर पुनरावेदन सुन्ने अधिकार हुनेछ भन्दै देहाय खण्ड (क) मा "प्रचलित कानून बमोजिम कर्मचारीलाई दिइएको विभागीय सजाय" त्यसै गरी खण्ड (ख) मा "कर्मचारीको बढुवा" भन्ने र देहाय खण्ड (ग) मा "कर्मचारीको सरुवा" भन्ने व्यवस्था रहेको देखिन्छ। उपरोक्त व्यवस्था अनुसार कर्मचारीको विभागीय सजाय, कर्मचारीको बढुवा, कर्मचारीको सरूवाका विषयमा भएको निर्णय वा अन्तिम आदेश उपर पुनरावेदन सुन्ने अधिकार प्रशासकीय अदालतलाई प्रदान गरेको देखिन्छ। यसरी उपरोक्त व्यवस्था गरिएबाट कर्मचारीको विभागीय सजाय, सरूवा, बढुवा, उपरको पुनरावेदन सुन्ने उद्देश्यका लागि नै प्रशासकीय अदालतको गठन भएको रहेछ भन्ने स्पष्ट हुन्छ। ऐनको दफा २(ग)(३) ले कर्मचारीको परिभाषा भित्र स्थानीय तहका कर्मचारीलाई पनि समेटेकोबाट स्थानीय तहका कर्मचारीको विभागीय सजाय, सरुवा, बढुवाका सन्दर्भका मुद्दाका विषयमा भएको निर्णय आदेश उपर पुनरावेदन सुन्ने क्षेत्राधिकार उक्त ऐनको दफा ७(१) ले प्रशासकीय अदालतलाई रहे भएको देखिन्छ।

१४. जहाँ सम्म निवेदकका तर्फबाट उपस्थित विद्वान अधिवक्ताले निवेदकलाई कामकाजमा खटाएको कुरा सरुवा अन्तर्गत नपर्ने भई अन्य वैकल्पिक व्यवस्था नहुँदा रिट क्षेत्रबाट प्रवेश गरेको भनी जिकिर लिनु भएको छ, सो सन्दर्भमा हेर्दा कर्मचारी प्रशासनको विषयवस्तु भित्र कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, विभागिय कारवाहीको विषय पर्छ। शाव्दिकरुपमा सरुवा भित्र ऐनले समेटेका क्षेत्रका कर्मचारीलाई निज कार्यरत रहेको

स्थान वा जिम्मेवारीवाट अर्को स्थान वा जिम्मेवारीमा पठाउने वा सर्ने जुनसुकै प्रकृतिको कार्य सरूवा भित्र पर्दछ। यस भित्र कामकाजमा खटाउने वा काजमा खटाउने वा जिम्मेवारी सुम्पने आदी कार्यहरु पर्छन। कार्यको प्रकृतिले एउटा कार्यालयबाट अर्को कार्यालयमा सरेर जाने कर्मचारीको लियन सोही सरेर गएको कार्यालयमा जान्छ र उसले सोहि कार्यालयबाट तलव भत्ता लगायतका सम्बन्धित सेवा शर्त सम्बन्धी ऐनले दिएको सुविधा पाउछ। तर काजमा खटाउने वा कामकाजमा लगाउने कार्यहरु अस्थायी प्रकृतिको हुँदा यसमा लियन साबिककै कार्यालयमा रहने, कतिपय अवस्थामा तलव भत्ता सुविधा पनि साविककै कार्यालयबाट खान पाउने पनि हुनसक्छ। त्यस मानेमा सरुवा भन्दा काज वा कामकाजमा खटाउने कार्य सापेक्षिकरुपमा नरम प्रकृतिको कार्य हो भन्ने देखिन्छ। जब कानूनले सरुवाको विषयमा पुनरावेदन सुन्ने अधिकार नै प्रशासकीय अदालतलाई दिएको छ भने सो भन्दा कम गम्भीर प्रकृतिका काजमा खटाउने वा कामकाजमा लगाउने जस्ता सरुवा भन्दा नरम प्रकृतिका कार्यहरुमा पुनरावेदन सुन्ने अधिकार प्रशासकीय अदालतलाई नभएको भन्न मिल्ने देखिंदैन। जुन सुकै शब्दावली प्रयोग गरी एक स्थानमा कार्यरत कर्मचारीलाई अर्को स्थानमा कामकाज गर्न खटाउने कार्यलाई सरुवाको परिधिभित्र राखी हेर्नुपर्ने हुँदा कामकाज गर्न काजमा खटाउने कार्य प्रशासकीय अदालतको क्षेत्राधिकारबाट वाहेक गर्न मिल्ने देखिंदैन। तसर्थ कामकाजमा खटाएको कुरा सरुवा अन्तर्गत नपर्ने भन्ने विद्वान कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन सक्ने अवस्था भएन।

१५. संविधानले नै सर्वोच्च अदालत र उच्च अदालतलाई साधारण र असाधारण अधिकार क्षेत्र प्रदान गरेको छ भने जिल्ला अदालत तथा अन्य विशिष्टकृत अदालतलाई साधारण अधिकारक्षेत्र मात्र प्रदान गरेको पाईन्छ। अदालतको संरचना नै तहगत (पिरामिड) शैलीमा राख्नू भनेकै बढी भन्दा बढी नेपाली जनतालाई नजिकै रहेको वा विशिष्टकृत अदालतबाट सेवा प्राप्त होस भन्ने हो। नेपालमा सर्वोच्च अदालतका अतिरिक्त उच्च अदालत, उच्च अदालतका स्थायी र अस्थायी ईजलास, जिल्ला अदालत र अन्य विशिष्टकृत अदालत रहेबाट न्यायका याचक नागरिक वा पिडितले नजिकको अदालत तथा विशिष्टिकृत अदालतबाट सेवा प्राप्त गर्न सकुन भनेर नै अदालतको संरचनाको बिकास भएको हो। एउटा सर्वोच्च अदालतमा नै सबै न्यायका उपभोक्तालाई केन्द्रिकृत गर्न सर्वथा अनुचित हुन्छ। साधारण अधिकारक्षेत्रलाई संकुचन हुने गरी तल्ला अदालतको

अधिकार कटाई असाधारण अधिकारको प्रयोग हुने वा अधिकारको केन्द्रिकरण गर्ने गरी संविधान र कानूनको व्याख्या गर्नु न्यायिक दृष्टिकोणबाट समेत उपयुक्त हुने देखिंदैन।

१६. प्रस्तुत विवादलाई पछिल्लो समयमा समाजमा विकाश भएको विशिष्टकृत अदालतको अवधारणाको सन्दर्भमा समेत हेरिनु आवश्यक देखिन्छ। विगतमा प्रशासकीय अदालतको अधिकार सीमित हुँदा कर्मचारी सम्बन्धी सम्पूर्ण जसो विवादहरु सर्वोच्च अदालतमा प्रवेश गर्ने अवस्था थियो। त्यस्तै वैङ्क बित्तिय संस्था सम्बन्धी मुद्दाहरू सर्वोच्च अदालतमा नै आउने गरेको थियो। नयाँ संविधान जारी भएसँगै कानूनमा परिवर्तन गरी साधारण अधिकार क्षेत्रको बिस्तार भएको छ। सुरूका दिनहरूमा रिट क्षेत्राधिकारको प्रयोग गरी सर्वोच्च अदालतमा सोझै आउने वैङ्क तथा बित्तीय संस्थाका कर्मचारीहरूको मुद्दाहरू श्रम अदालतमा, गठन आदेश अर्न्तगत बनेका समितिका कर्मचारी, निजामति देखि स्थानीय तहका कर्मचारी सम्बन्धी मुद्दाहरू प्रशासकीय अदालतले हेर्ने गरी अधिकार क्षेत्रको निर्धारण गरी कानूनमा परिवर्तन भएको छ। यो कुरालाई अनदेखा गरी सरूवाको विषयमा स्पष्ट रुपमा प्रशासकीय अदालतलाई पुनरावेदकीय क्षेत्राधिकार प्रदान गरेको अवस्था देखिंदा देखिंदै सो भन्दा कम गम्भीर प्रकृतिका काजमा खटाउने वा कामकाजमा खटाउने कुराहरुलाई असाधारण अधिकार क्षेत्र अन्तर्गत प्रवेश गर्न पाउने गरी व्याख्या गरी रिट क्षेत्राधिकारको प्रयोग गर्नु र उपचारको सहज व्यवस्था विद्यमान हुँदा हुँदै न्यायको याचकलाई कार्यबोझको चपेटामा रहेको यस अदालतको असाधारण अधिकारक्षेत्रमा सोझै प्रवेश गराउनु न्यायमा सहज पहुँचको दृष्टिबाट समेत उचित हुने देखिंदैन। निवेदक यस अदालतमा प्रवेश गर्नु पूर्व प्रशासकीय अदालतमा पुनरावेदन लिएर गएको र सो अदालतले पुनरावेदन लाग्दैन भनी दरपीठ गरेको अवस्था समेत नहुँदा अहिले नै सो अदालतका नाममा कुनै आदेश जारी गर्नुपर्ने अवस्था नभै यस अदालतले क्षेत्राधिकारको सम्बन्धमा गरेको व्याख्याबारे जानकारी दिनु सम्म पर्याप्त हुने देखियो।

१७. अब, **निवेदकलाई कामकाजमा खटाउने निर्णय बदर हुनु पर्ने हो वा होईन र निवेदकको माग बमोजिमको आदेश जारी हुनु पर्ने हो वा होईन** भन्ने प्रश्नतर्फ हेर्दा निवेदकलाई आफ्नो दरवन्दी रहेको सिम्रौनगढ नगरपालिकाको स्वास्थ्य शाखा संयोजकको जिम्मेवारी निर्वाह गर्दै आएकोमा नगरपालिकाको मिति २०७९।०४।११ को निर्णयले संयोजकको जिम्मेदारीबाट हटाई सो जिम्मेदारी आफुभन्दा कनिष्ट कर्मचारीलाई दिई आफुलाई स्वास्थ्य चौकी कचोर्वा मा कामकाज गर्न खटाएको विषयलाई निजले चुनौती दिएको

सन्दर्भमा निवेदक वरिष्ठ हो वा होइन, वरिष्ठताको गणना के कसरी हुने हो, वरिष्ठलाई हटाई कनिष्ठलाई जिम्मेदारी दिन मिल्ने हो वा होइन र काम गरी आएको कर्मचारीलाई अन्यत्रै कामकाज गर्न खटाउने कार्य कानून अनुरुप हुन्छ वा हुँदैन भन्ने कुरा प्रशासकीय अदालतले नै पुनरावेदनको रोहमा हेर्न सक्ने र कामकाजगर्न खटाएको विषय सो विषय कायम रहेसम्म चुनौतीयोग्य हुने भएबाट निवेदकले प्रशासकीय अदालतबाट नै प्रभावकारी उपचार प्राप्त गर्न सक्ने हुँदा हाल यो विषयमा प्रवेश गरी निर्णय गर्न उचित हुने देखिएन। तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। जानकारीको लागि यो निर्णयको एक प्रति प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालय मार्फत प्रशासकीय अदालत र अन्य विपक्षीहरुकहाँ पठाई आदेश अपलोड गरी मिसिल नियम बमोजिम गरी बुझाई दिनू।

न्यायाधीश

उक्त रायमा सहमत छु।

न्यायाधीश

इजलाश अधिकृत: सदन अधिकारी

कम्प्युटर टाईप गर्ने : रेखा भट्टराई

इति सम्वत् २०७९ साल कार्तिक १४ गते रोज ०२ शुभम् ------------------------।